# धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल भदौ महिना २६ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लाबारीबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धममा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **सिता सप्लायर्स**<br>प्रोप्राइटरको नाम : सीता देवी घिमिरे<br>प्रा.फ.र.नं. : १६४९/१५५२६/११/१२<br>दर्ता मिति : २०७७/११/१२<br>स्थायी लेखा नं. : ६१५२७३०४४<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापा<br>रजिष्टर्ड ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११ | १. नाम : **सीता देवी घिमिरे**<br>बाबुको नाम : अविकेशर घिमिरे<br>पतिको नाम : कुल प्रसाद सिवाकोटी<br>ससुराको नाम : जय प्रसाद सिवाकोटी<br>स्थायी ठेगाना : झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११<br>ना.प्र.नं : ४०४११२२०<br>जारी मिति र जिल्ला : २०६१/१२/२३, झापा |

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१. रंग लाल सिवाकोटीको नाति जय प्रसाद सिवाकोटीको छोरा झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११ बस्ने **कुल प्रसाद सिवाकोटी** (ना.प्र.नं. : ४०४११४१४५३ जारी मिति र जिल्ला : २०५८/०६/०३, झापा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**

१. मिति २०८०/११/२४ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२. मिति २०८१/०३/१० गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| कुल प्रसाद सिवाकोटी | झापा जिल्ला धाइजन गा.वि.स. वडा नं. ९ | ९ | १२९३ | ०-१-७ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०६/०१ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय उर्लाबारी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०६/०२ गते बुधबार अर्थात ८ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय उर्लाबारीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999

E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**